मिति २०८३/५/१७ गतेको नगरकार्यपालिका बैठकका प्रस्तावहरु

१. वडा पुनः संरचना सम्बन्धमा।

२. हालैको विनासकारी विपद् उद्धारमा राहत प्रदान गर्ने सम्बन्धमा।

३. स्थानीय शासन कार्यसम्पादन मुल्याङ्कन सम्बन्धमा ।

४. आर्थिक सहायता तथा ढुवानी खर्च सम्बन्धमा ।

५. रकम विनियोजन सम्बन्धमा ।

६. हालैको विनासकारी विपदमा ज्यान गुमाउने प्रति समवेदना व्यक्त गर्ने सम्बन्धमा ।

*निर्णयहरु:-*

निर्णय नं. १

प्रस्ताव नं .१ माथि छलफल गर्दा मिति २०८३/३/४ गतेको कार्यपालिकाको बैठकबाट वडा संख्या हेरफेर तथा थपघट गर्ने सन्दर्भमा भएको निर्णय अनुसार नगरपालिका क्षेत्र भित्र आवश्यक्ता अनुसारका वडाहरुमा रहेका टोल वस्तीहरु हालको पायक पर्ने वडामा समावेश गरी वडा सिमा तथा संख्या निर्माण गर्ने प्रयोजनको लागि गाउँपालिका तथा नगरपालिका र वडाको संख्या तथा सिमाना हेरफेर र नगरपालिका वर्गीकरणको पुनरावलोकन सम्बन्धी मापदण्ड, २०८३ को दफा ३ को (२) का आधारमा कुनै टोल वस्तीहरुलाइ अर्को वडामा समावेश तथा भौगोलिक अवस्थाका आधारमा सेवाग्राहीहरुको सहज पहुँचका लागि हालका वडाहरु विभाजन गरी तपशिल अनुसार गर्ने गरी नगरपालिकाले कुल २२ वटा वडा बनाउने गरी आफ्नो खाका सहितको प्रतिवेदन तयार गरी उक्त मापद्ण्डको दफा ५ बमोजिमको अध्ययन समिति समक्ष पेश गर्ने निर्णय गरियो ।

तपशिल

| हालको वडा नं. | संसोधन/ बिभाजन हुने नहुने | बनाउने वडा संख्या | नयाँ वडा निर्माण गर्दा समावेश हुने वडाको टोल वा क्षेत्र | पुनःसंरचना पश्चात वडा कार्यालय रहने स्थान |
|---|---|---|---|---|
| १ | हुने | २ | साविकका गाविसका वडा नं. १,२,३,४ मा हालको शिनपा २ को सब्दु जलुके अधेरी टोल समावेश गरी एक वडा र साविक गाविसका वडा नं. ५,६,७,८,९ लाइ एक वडा बनाउने । | एक वडा हालको स्थानमा र अर्को मन्द्रेमा |
| २ | हुने | १ | केही क्षेत्र तथा टोल वस्ती थपघट हुन सक्ने ।कायम हुने वडा सख्या १ मात्र । | हालको स्थानमा |
| ३ | हुने | २ | साविक गाविसका वडा नं. १,२ को एक वडा र साविक गाविसको वडा नं. ७,८,९ को एक वडा | एक वडा हालको स्थानमा र अर्को पदमेमा |

प्रमाणित प्रतिलिपी

| | | | | |
|---|---|---|---|---|
| ४ | हुने | २ | कोप्चेबास, भेडामारा, जसरामे, पुरानागाउँ, चाक्ला, सिउडेनी, हात्तिढुङ्ग, बाझगरा समेतका पायक पर्ने टोलको एक वडा र अन्य बाँकी टोल तथा क्षेत्रको एक वडा | एक वडा भेडामारा र अर्को हालको स्थानमा |
| ५ | हुने | २ | साविक गाविसका वडा नं. १,२,३ को एक वडा र साविक गाविसको वडा नं. ४, ५ को एक वडा | एक वडा गल्दामा र अर्को हालको स्थानमा |
| ६ | हुने | १ | केही क्षेत्र तथा टोल वस्ती थपघट हुन सक्ने ।कायम हुने वडा संख्या १ मात्र । | हालको स्थानमा |
| ७ | हुने | १ | केही क्षेत्र तथा टोल वस्ती थपघट हुन सक्ने ।कायम हुने वडा संख्या १ मात्र । | हालको स्थानमा |
| ८ | हुने | १ | केही क्षेत्र तथा टोल वस्ती थपघट हुन सक्ने ।कायम हुने वडा संख्या १ मात्र । | हालको स्थानमा |
| ९ | हुने | ३ | स्थानीय स्तरमा थप अध्ययन गरी उपयुक्त हुने टोल वस्ती तथा अन्य वडाका पायक पर्ने टोल वस्ती समावेश गरी ३ वटा वडा बनाउने । | करमगैरा लौरी साविक सिद्धाराको गाविस भवन भएको स्थान |
| १० | हुने | १ | केही क्षेत्र तथा टोल वस्ती थपघट हुन सक्ने ।कायम हुने वडा १ मात्र । | हालको स्थानमा |
| ११ | हुने | २ | साविक गाविसको वडा नं. ५ र हालको नपाको वडा नं.१२ को पायक पर्ने टोल समेतको एक वडा र साविक गाविसको वडा नं. ६ को एक वडा | एक वडा टिक्करी र अर्को हालको स्थानमा |
| १२ | हुने | २ | स्थानीय स्तरमा थप अध्ययन गरी उपयुक्त हुने टोल वस्ती तथा अन्य वडाका पायक पर्ने टोल वस्ती समेत समावेश गरी २ वटा वडा बनाउने । | एक हालको स्थानमा र अर्को डोहोटे वा पिरापानीमा |
| १३ | हुने | १ | केही क्षेत्र तथा टोल वस्ती थपघट हुन सक्ने ।कायम हुने वडा संख्या १ मात्र । | हालको स्थानमा |
| १४ | हुने | १ | केही क्षेत्र तथा टोल वस्ती थपघट हुन सक्ने ।कायम हुने वडा संख्या १ मात्र । | हालको स्थानमा |

निर्णय नं. २

प्रस्ताव नं .२ माथि छलफल गर्दा मिति २०८३/५/१० गतेको विनासकारी बाढीबाट प्रभावित नागरिकहरुको उद्धार राहत तथा पुनःस्थापना कार्यमा एक्यबद्धता जनाउदै शितगंगा नगरपालिकाका सबै जनप्रतिनिधि, शिक्षक, बालविकास सहजकर्ता, विद्यालय कर्मचारी, विद्यालय कार्यालय सहयोगी, स्वास्थ्य

तर्फका सबै कर्मचारी र नगरपालिकाका सबै कर्मचारीहरुको ३ दिनको तलब/सुविधा कट्टा गरी हुने रकम रु २७९६७२६।- र नगरपालिकाको विपद् कोषबाट रु ५५५५५५।- गरी जम्मा रु ३३५२२८१।- प्रधानमन्त्री दैवि प्रकोप राहत कोषमा जम्मा गर्ने निर्णय गरियो ।

निर्णय नं. ३

प्रस्ताव नं .३ माथि छलफल गर्दा यस नगरपालिकाको आ.व. २०८२/०८३ को स्थानीय शासन कार्यसम्पादन मुल्याङ्कन सम्बन्धमा आजको बैठकमा छलफल भयो ।तपशिलका विषयगत क्षेत्रमा क्षेत्रगत प्राप्त हुन सक्ने अङ्कमा तपशिल बमोजिमको अङ्क प्राप्त भएकोले अङ्क प्राप्त हुन नसकेका सूचकहरुमा थप के गर्न सकिन्छ विषयगत समितिमा अध्ययन गरी पेश गर्न लगाउने निर्माण गरियो ।

तपशिल

| सि.न. | विषयगत क्षेत्र | प्राप्त हुन सक्ने अधिकतम अङ्क | प्राप्त अङ्क |
|---|---|---|---|
| १ | सुशासन तथा संस्थागत विकास | ४० | ३४.५ |
| २ | सामाजिक विकास | २० | १५.४ |
| ३ | आर्थिक विकास | २० | १३.७ |
| ४ | पूर्वाधार विकास | १० | ८.४ |
| ५ | वन, वातावरण तथा विपद् व्यवस्थापन | १० | ७.८ |
| | जम्मा | १०० | ७९.८ |

निर्णय नं. ४

प्रस्ताव नं .४ माथि छलफल गर्दा यस नगरपालिकाका विभिन्न व्यक्तिहरु विभिन्न प्रकारका रोगलागी उपचार गर्नु पर्ने र विभिन्न दुर्घटनामा परी उपचार गराइ रहनु पर्ने भएको तर आर्थिक अवस्था कमजोर भएको भनि उपचार सहयोग माग भइ आएको सन्दर्भमा आजको बैठकमा छलफल भयो ।यस नगरपालिकाको विपद् व्यवस्थापन कोष तथा आर्थिक सहयोग कार्यविधि २०७९ र मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका विरामीलाइ औषधी उपचार बापत खर्च उपलब्ध गराउने सम्बन्धी कार्यविधि २०७८ बमोजिम नबाझिने गरी तपशिलका व्यक्तिहरुलाई आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

तपशिल

(क) शिनपा ११ निवासी नमी रजालीलाई क्यानसर लागी उपचार भइरहेको तर निजको आर्थिक अवस्था कमजोर भएकोले उपचार खर्च बापत रु २५०००।आर्थिक सहयोग प्रदान गर्ने।

(ख) शिनपा ४ निवासी संजय नेपालीको कलेजो डयामेज भइ उपचार भइरहेको तर निजको आर्थिक अवस्था कमजोर भएकोले उपचार खर्च बापत रु २५०००।आर्थिक सहयोग प्रदान गर्ने।

प्रमाणित प्रतिलिपि

(ग) शिनपा २ निवासी लोमकला बजाडेको पाठेघरको समस्या भइ अप्रेसन गर्नु परेको तर निजको आर्थिक अवस्था कमजोर भएकोले उपचार खर्च बापत रु २५०००। आर्थिक सहयोग प्रदान गर्ने।

(घ) शिनपा १० बसन्ता बेल्वासेको आन्द्राको समस्या भइ अप्रेसन गर्नु परेको तर निजको आर्थिक अवस्था कमजोर भएकोले उपचार खर्च बापत रु २५०००। आर्थिक सहयोग प्रदान गर्ने।

(ङ) शिनपा ३ निवासी सुरज परियारलाइ अरिङ्गालले टोकी उपचार गराउन एम्बुलेन्स मार्फत बुटवल लगेको तर निजको आर्थिक अवस्था कमजोर भएकोले उपचार तथा एम्बुलेन्स खर्च बापत रु १५०००। आर्थिक सहयोग प्रदान गर्ने।

(च) यस नगरपालिकाको वडा नं. ६ को ठूलाढुन्ग्रेमा रहेको ट्रान्फरमर बिग्रीन गई ममर्तको लागि सन्धिखर्क र सन्धिखर्क देखि ठूलाढुन्ग्रे सम्म लैजाने ल्याउने कार्य गर्दा भएको ढुवानी खर्च रु ६०००। भुक्तानी दिने ।

<u>निर्णय नं. ५</u>

प्रस्ताव नं .५ माथि छलफल गर्दा  यस नगरपालिकाको वडा नं. १४ मा रहेको गंगाजल कृषि तथा पशु सहकारी संस्था लि.को लागि आ.व. २०८२/०८३ मा लुम्विनी प्रदेश सरकारको सशर्त अनुदानबाट रु १० लाख विनियोजन भई सो रकमबाट संस्थाको भवन निर्माण गर्न सूचना प्रकाशन गर्दा तेस्रो पटकको सूचना बमोजिम रेसुङ्गा कन्स्ट्रक्सन वानपा ८ क.व.सँग मिति २०८३/२/१८ मा रु १०५६६४१। मा कार्य गर्ने गरी सम्झौता भइ पिल्लरको हात्तिपाईलाको कार्य भएता पनि पानी परेका कारण कार्य हुन नसकेको र रकम समेत भुक्तानी नभएको अवस्था हो । प्रदेश सशर्त अनुदान तर्फको रकम भएकोले आर्थिक वर्षको अन्त्यमा रकम फिर्ता गएकोमा निर्माण व्यवसायीले मिति २०८३/४/२७ मा म्याद थप गरी पाउँ भनि निवेदन दिएकोमा सार्वजनिक खरिद (पन्ध्रौं संशोधन) नियमावली, २०८३ मा गरेको व्यवस्था बमोजिम म्याद थप गरी कार्य गराउनु पर्ने भएकोले सो कार्यको लागि चालु आ.व.को लागि दायित्व सरेको/आन्तरिक श्रोत तर्फबाट रु १०५६०००। रकम विनियोजन गरी नियमानुसार म्यादथप गरी कार्य गराउने निर्णय गरियो ।

<u>निर्णय नं. ६</u>

प्रस्ताव नं .६ माथि छलफल गर्दा मिति २०८३/५/१० गते विहान भोटेकोशी र त्रिशुली नदीमा आएको अप्रत्याशित र आकस्मिक बाढीले पुर्याएको ठूलो भौतिक तथा मानविय क्षति प्रति शितगंगा नगरपालिका परिवार गहिरो दुःख व्यक्त गर्दछ । बाढीका कारण ज्यान गुमाउनुहुने नागरिकहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा गहिरो समवेदना प्रकट गर्दछौ । बाढीका कारण घरवार विहीन भएका प्रभावित र घाइते हुनुभएका नागरिकहरुको सिघ्र स्वास्थ्य लाभको कामना गर्दै सम्बन्धित निकायहरुबाट तत्काल प्रभावकारी राहत, उद्धार तथा पुनःस्थापनाको कार्य अगाडी बढाउन अनुरोध गर्ने निर्णय गरियो ।

आजको बैठक सर्वसम्मत निर्णय गर्दै सम्पन्न गरियो ।